# राइनास नगरपालिका
# नगर कार्यपालिका कार्यालय
तीनपिप्ले, लमजुङ
४ नं.प्रदेश,नेपाल (फो.नं. ०६६-६९०६००)

Website:www.rainasmun.gov.np

**विषय : घर नक्सा अभिलेखिकरण र निर्माणका लागि स्वीकृत गर्ने सम्वन्धी सूचना ।**

यस नगरपालिकाको मिति २०७४।५।१५ गते वसेको नगर कार्यापालिकाको बैठकले यस नगरपालिका भित्र साविक देखि नै वनेका घरहरु र निर्माण गरिने घरहरु सम्वन्धमा तपसिल बमोजिम घर नक्साको अभिलेखिकरण गर्न तथा नया घर निर्माण मापदण्डका आधारमा अनुमति दिने नर्णय गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

१. यस नगरपालिका भित्र रहेका हालसम्म नक्सा पास नगरी बनाईएका घर टहराहरुको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको परिपत्र अनुसार मिति २०७४ फागुन २६ गते सम्म अभिलेखिकरण गर्ने ।

२. राष्ट्रिय सडक मापदण्ड र नगर यातायात गुरुयोजना (MTMP) मा तोकिएका सडकबाटोको सडक अधिकार क्षेत्र कटाएर मात्र अभिलेखिकरण गर्ने ।

३. २.५ आना क्षेत्रफल भन्दा थोरै क्षेत्रफल भएका जग्गामा पुराना घरहरु भत्काइ नया गाह्रोवाला (Load Bearing) घरहरु बनाउन दिने तर RCC Pillar वाला घरहरु बनाउन नदिने ।

४. बाटो र व्यक्तिको जग्गाको वीचमा सार्वजनिक जग्गा पर्न आउनेको हकमा वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ मा तोकिएको निश्चित सेट व्याक छोडेर मात्र घर बनाउन दिने ।

५. १५० मिटर भन्दा कम लम्वाईको गोरेटो बाटोको हकमा गोरेटोको बीचबाट १.५ मिटर सडक अधिकार क्षेत्र र १ मिटर सेट व्याक छोडेर मात्र घर नक्सा पास गर्ने ।

६. अव उप्रान्त घर नक्सा पास नगरी / नगरपालिकाको सिफारिश नलिई घर टहरा बनाएमा नगरपालिकाले तोकेको शुल्कको तीन गुण जरिवाना लिने ।

७. नगर कार्यपालिका कार्यालयले प्रत्येक हप्ताको आइतावार मात्र घर नक्सा सम्वन्धी कार्य गर्ने ।

८. राष्ट्रिय सडक मापदण्डले तोकिएका सडकबाटोको सडक अधिकार क्षेत्र निम्न वमोजिम रहेको छ ।

| क्र.सं. | सडकको विवरण | सडकको अधिकार क्षेत्र | सेट व्याक | कैफियत |
|---|---|---|---|---|
| १ | राष्ट्रिय सडक | २५/२५ मिटर | ६/६ मिटर | |
| २ | जिल्ला सडक | १०/१० मिटर | ६/६ मिटर | |
| ३ | नगर यातायात गुरु योजनाको सडक | | | १५० मिटर भन्दा कम लम्वाईको सडक नगर यातायात गुरु योजनामा समावेश गरिएको छैन । |
| क | A वर्गको सडक | ७/७ मिटर | ४/४ मिटर | |
| ख | B वर्गको सडक | ५/५ मिटर | ३/३ मिटर | |
| ग | C वर्गको सडक | ४/४ मिटर | २/२ मिटर | |
| घ | D वर्गको सडक | ३/३ मिटर | २/२ मिटर | |